म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्ष:१७ अङ्क:- १०५ २०८२ फागुन २४ गते आइतबार 8 March 2026, Sunday - पृष्ठ ४ मूल्य रू. ५/-

## मजबुद सरकार बन्दैछ : गृहमन्त्री अर्याल

काठमाडौं : गृहमन्त्री ओमप्रकाश अर्यालले अब नयाँ जनादेश प्राप्त मजबुद सरकार बन्ने भएकाले जेनजीका माग सोही सरकारले पूरा गर्नुपर्ने बताएका छन् । अब आउने सरकारले माग पूरा नगरे खबरदारी गर्ने उनको भनाइ छ । आफूहरु हिजो पनि सडकमा रहेकाले अब सरकारबाट बाहिरिएपछि पनि सडकमै रहने भएकाले निरन्तर खबरदारी गर्ने उनले बताए । 'हामी हिजो पनि सडकमा थियौं । बीचमा परिस्थितीले कोही सरकारमा भयौं, कोही बाहिरै रह्यौं । जो अहिले सरकारमा छौं, पछि फर्कने भनेको सडकमै हो,' अर्यालले भने, 'सडकबाट हामी सरकारलाई सहयोग पनि गर्छौं र खबरदारी पनि गर्छौं ।' जेनजीले सुशासन, भ्रष्टाचार अन्त्य, र सुदृढ सेवा प्रवाहका लागि आन्दोलन गरेकाले अब त्यो छिटै संस्थागत हुने विश्वास अर्यालले गरे ।

# झापा–५ बाट बालेन विजयी



*प्रतिनिधिसभा सदस्य निर्वाचित भई प्रमाणपत्र प्राप्त गरेपछि खुसी हुँदै बालेन ।*

समाज संवाददाता

हेटौँडा : प्रतिनिधिसभा सदस्य निर्वाचनअन्तर्गत झापा क्षेत्र नम्बर ५ बाट राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का वरिष्ठ नेता बालेन्द्र साह (बालेन) विजयी भएका छन् । शनिबार साँझ सम्पन्न मतगणनाअनुसार पूर्वप्रधानमन्त्री एवम् नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीलाई झण्डै ५० हजार मतान्तरले पराजित गर्दै बालेन विजयी भएका हुन् ।

रास्वपाले प्रधानमन्त्रीको रुपमा प्रस्तुत गरेका बालेनले ६८ हजार ३४८ मतसहित विजयी भएका हुन् । ओलीले भने १८ हजार ७३४ मत प्राप्त गरे । ओली ४९ हजार ६१४ मतान्तरसहित पराजित भएका हुन् । निर्वाचित भएसँगै निर्वाचन अधिकृतले बालेनलाई प्रतिनिधि सभा सदस्य निर्वाचित भएको प्रमाणपत्र प्रदान गरेको छ । प्रतिनिधिसभा सदस्य निर्वाचन-२०८२ कै प्रमुख क्षेत्रको रुपमा झापा-५ लाई हेरिएको छ ।

संसदीय निर्वाचनमा हालसम्ममा सबैभन्दा बढी मतसहित निर्वाचित हुने प्रतिनिधिसभा सदस्यको रुपमा बालेन रहनेछन् । शनिबार साँझसम्म प्रत्यक्षतर्फ ६३ सिट जितेको रास्वपा थप ५८ सिटमा अगाडि रहेको थियो । प्रत्यक्षतर्फ १ सय २० सिट भन्दा बढी जित्ने देखिएको रास्वपाबाट प्रधानमन्त्रीका उम्मेदवार बालेनको विजय महत्वपूर्ण नतिजा हो । २०७९ सालको स्थानीय निर्वाचनमा काठमाडौं महानगरमा स्वतन्त्र उम्मेद्वारको रुपमा विजयी बालेन त्यसयता निरन्तर चर्चामा छन् ।

# ९६ सिटको नतीजा आउँदा रास्वपाको ७६ मा जीत

समाज संवाददाता

हेटौँडा : प्रतिनिधिसभा सदस्य निर्वाचन-२०८२ अन्तर्गत शनिबार राती १० बजेसम्ममा ९६ सिटको नतीजा सार्वजनिक भइसकेको छ । ९६ सिटको नतीजा सार्वजनिक हुँदा प्रधानमन्त्री उम्मेद्वार बालेन्द्र साहसहित राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले ७६ सिटमा जित दर्ता गरिसकेको छ । रास्वाका सभापति रवि लामिछाने, उपाध्यक्ष स्वर्णिम वाग्लेसहित चितवनबाट सोविता गौतम, भक्तपुरबाट राजीव खत्री विजयी भएका छन् ।

रास्वपा ४६ सिटमा अग्रता बनाइर हेको छ । यस्तै काँग्रेसले ११ सिटमा जित दर्ता गर्दा ७ सिटमा अग्रता बनाइरहेको छ । नेकपा एमालेले ४ सिट जित्दा ८ सिटमा अग्रता बनाइरहेको छ । नेकपाले ३ सिट जित्दा ५ सिटमा अग्रता बनाइर हेको छ । राप्रपाका ज्ञानेन्द्र शाही, स्वतन्त्र उम्मेदवार महाविर पुन विजयी हुँदा श्रम संस्कृति पार्टीले ३ स्थानमा अग्रता बनाएको छ । रास्वपाले ७६ सिट जित्दा काठमाडौं उपत्यकाका १५ वटै सिटमा जित हासिल गरेको छ । भक्तपुरको परम्परागत शक्ति नेमकिपालाई पनि पराजित गर्दै काठमाडौं उपत्यका क्लिन-स्वीप गरेको हो ।

राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछाने चितवन क्षेत्र नम्बर २ बाट तेस्रोपटक विजयी भएका छन् । लामिछानेले ५४ हजार ४०२ मत ल्याएर विजयी भएका हुन् । उनको निकटतम् प्रतिद्वन्द्वी नेपाली कांग्रेसकी मिना खरेलले १४ हजार ५६४ मत प्राप्त गरिन् । लामिछानेले खरेललाई ३९ हजार ४६८ मतान्तरले पराजित गरेका हुन् । यस्तै एमालेका अस्मिन घिमिरेले ६ हजार ९९२ र नेपाली कम्युनिष्ट पार्टीका प्रताप गुरूङले ४ हजार ९६९ मत ल्याए । यो क्षेत्रमा ८७ हजार २८ सदर र २ हजार ७९६ मत बदर भएको थियो । लामिछानेले यसअघि २०७९ र २०८० को उपनिर्वाचनमा यहीं क्षेत्रबाट चुनाव जितेका थिए ।

चितवन क्षेत्र नम्बर ३ बाट सोविता गौतमले ५९ हजार २७७ मतसहित जित हासिल गरिन् । उनका निकटतम प्रतिस्पर्धी नेपाली कम्युनिस्ट पार्टीका उम्मेदवार रेनु दाहाललाई ३८ हजार ६ सय ६२ मत अन्तरले हराइन् । रेनु दाहालले २० हजार ६ सय १५ मत ल्याइन् । रुपन्देही ३ मा डा. लेखजंग थापाले ५८ हजार ८१४ मतसहित जित हात पारे । उनका निकटतम प्रतिस्पर्धी कांग्रेसका सुशील गुरुङले ८ हजार ४३५ मत पाए । रास्वपाका अर्का उम्मेदवार सुलभ खरेल रुपन्देही २ बाट ५६ हजार ५५० मतसहित निर्वाचित भए । उनका निकटतम प्रतिस्पर्धी नेकपा एमालेका नेता विष्णु प्रसाद पौडेलले १२ हजार ८६१ मत पाए । पौडेल ४३ हजार ६८९ मत अन्तरले पछि परे ।

मोरङ क्षेत्र नम्बर ६ बाट रुविना आचार्य पनि ५० हजार भन्दा बढी मतसहित निर्वाचित भएकी छन् । उनले ५५ हजार ५१३ मत पाएकी छन् । उनले कांग्रेस नेता डा. शेखर कोइरालालाई हराइन् । डा. कोइरालाले १२ हजार ८५० मत पाए । उनीहरुबीचको मत अन्तर ४२ हजार ६६३ छ । राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछाने पनि ५० हजार भन्दा बढी मतले विजयी भएका छन् । रविले चितवन क्षेत्र नम्बर २ बाट ५४ हजार ४०२ मतसहित विजयी भएका हुन् ।

उनले नेपाली कांग्रेसका उम्मेदवार मीना खरेललाई ३९ हजार ८३८ मतअन्तरले हराए । मीना खरेलको पक्षमा १४ हजार ५६४ मत पाएकी छन् । यसैगरी काभ्रे क्षेत्र नम्बर २ बाट निर्वाचित बदन कुमार भण्डारी पनि ५० हजार भन्दा बढी मत पाएर निर्वाचित हुने रास्वपा उम्मेदवारको सूचीमा छन् । भण्डारीले ५३ हजार ३४४ मत पाएका छन् । उनका निकतम प्रतिस्पर्धी कांग्रेसका मधुप्रसाद आचार्यले १७ हजार ८६८ मत पाए । भण्डारी र आचार्यबीचको मत अन्तर ३५ हजार ४७६ छ ।

# मकवानपुरका दुवै क्षेत्रमा रास्वपा जित नजिक

समाज संवाददाता

हेटौँडा : प्रतिनिधिसभा सदस्य निर्वाचनमा मकवानपुर जिल्लाका दुबै क्षेत्रमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का उम्मेदवारहरू जित नजिक पुगेका छन् । शनिबार राती १० बजेसम्मको मतगणनाअनुसार रास्वपाका दुबै उम्मेद्वार जित नजिक पुगेका हुन् । शुक्रबार बिहानबाट सुरु भएको मत गणनामा रास्वपाका उम्मेदवारहरु प्रकाश गौतम र प्रशान्त उप्रेतीले आफ्ना प्रतिस्पर्धीहरुलाई निरन्तर पछि पारिरहेका छन् ।

जिल्ला निर्वाचन अधिकृतको कार्यालयका अनुसार शनिबार राती १० बजेसम्म मकवानपुरको क्षेत्र नम्बर १ का प्रकाश गौतम र क्षेत्र नम्बर २ का प्रशान्त उप्रेती अगाडि रहेका छन् । मकवानपुर १ मा रास्वपाका उम्मेदवार प्रकाश गौतमले ३१ हजार ९३९ मत प्राप्त गर्दै स्पष्ट अग्रता लिएका छन् । उनका निकटतम प्रतिस्पर्धी नेकपा (एमाले) का रामेश्वर राना मगरले ७ हजार ६७९ मत प्राप्त गरेका छन् । यसैगरी जारी मत गणना अनुसार नेपाली कांग्रेसकी महालक्ष्मी उपाध्याय 'डिना' ले ७ हजार ६७२ मत प्राप्त गरेकी छन् उज्यालो नेपाल पार्टीका सुरेन्द्र लामाले ६ हजार ४५८ मत ल्याएका छन् । यसअघिको आम निर्वाचन २०७९ मा यसै क्षेत्रबाट निर्वाचित पूर्वसांसद राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) का दीपकबहादुर सिंहले ३ हजार ५०३ मत प्राप्त गरेका छन् । उनको प्रदर्शन यसपटक निराशाजनक रह्यो । यसैगरी मकवानपुर क्षेत्र नम्बर १ बाट नेपाली कम्युनिष्ट पार्टीका विजय गौतमले २ हजार ७९९ मत ल्याउँदा श्रम संस्कृति पार्टीकी विद्या श्रेष्ठ 'महर्जन'ले ७८४ मत प्राप्त गरेकी छन् ।

प्रतिनिधिसभा निर्वाचन क्षेत्र नम्बर-२ लाई एमालेले आफ्नो लाल किल्लाको रुपमा परिभाषित गर्दछ । २०४८ देखि हालसम्म निरन्तर सो क्षेत्रमा जित्दै आएको एमालेको जग यसपटक भने धर्मराएको छ । २०४८, २०५१ मा एमालेका विरोध खतिवडा, २०६४ मा माओवादी, २०७० मा एमालेका सुवासचन्द्र ठकुरीले सो क्षेत्रबाट चुनाव जितेका थिए । २०७४ मा एमालेबाट विरोध खतिवडा र २०७९ मा एमालेका महेश बर्तौलाले चुनाव जितेको क्षेत्र हो मकवानपुर-२ । हेटौँडा उपमहानगरपलिकाका १, ३, ११ र १९ सहित मनहरी, राक्सिराङ, कैलाश, इन्द्रसरोवर, भिमफेदी गाउँपालिका, मकवानपुरगढी गाउँपालिकाका ४ वटा वडा र थाहा नगरपालिका समेटिएको सो क्षेत्रमा एमालेको उपस्तिथि राम्रो मानिन्छ । थाहा नगरपालिकामा माओवादी (हाल नेकपा)को जनमत राम्रो रहेको व्याख्या छ भने अन्य सबैमा एमाले बलियो शक्ति हो ।

हालै सम्पन्न निर्वाचनमा एमालेको लाल किल्ला मनिने सो क्षेत्रमा रास्वपाका २५ वर्षका उम्मेदवारको दबदबा देखिएको छ । बिहिबार भएको मतदानको मतगणनाको सुरुवातदेखि नै सबै दलका उम्मेदवारसँग दोब्बर अग्रता बनाएको रास्वपाका जेन जी उम्मेदवार प्रशान्त उप्रेतीले एमाले उम्मेदवारसंग ५ हजार बढिको अग्रता कायम गरेका छन् । मनहरी, राक्सिराङ्ग, कैलाश, भीमफेदी,गढी गाउँपालिका र थाहा नगरपालिकाको ६६ हजार ३४८ मत गणना हुँदा उप्रेतीले १८ हजार ९१९ मत प्राप्त गरेका छन् । उनका निकटतम प्रतिस्पर्धी एमालेका महेश कुमार बर्तौलाले १४ हजार ४८ मत प्राप्त गरेका छन् । त्यस्तै नेपाली कांग्रेसका बुद्ध लामाले १२ हजार ६१४ मत प्राप्त गरेका छन् भने नेपाल कम्युनिस्ट पार्टी (नेकपा) का लवशेर बिष्टले १० हजार २६० मत पाएका छन् । हाल सम्मको मत गणना अनुसार सो क्षेत्रमा ४ हजार २१२ मत बदर भएको छ । कुल ९१ हजार २४१ मत खसेको थियो भने करिब २५ हजार मत गणना बाँकी रहेको छ ।

फागुन २१ गते सम्पन्न भएको निर्वाचनमा मकवानपुरको कुल मतदाता संख्या ३ लाख १५ हजार ३३४ मध्ये एक लाख ८६ हजार ५५१ मत खसेको थियो । खसेको मतमध्ये ९६ हजार ६३४ पुरुष, ८९ हजार ९१२ महिला र अन्य पाँचजनाले मतदान गरेका थिए । निर्वाचन कार्यालयका अनुसार मकवानपुर क्षेत्र नम्बर-१ मा ४७ हजार ६७० पुरुष, ४७ हजार ६३६ महिला र चार अन्य गरी कुल ९५ हजार ३१० र क्षेत्र नम्बर-२ मा ४८ हजार ९६४ पुरुष, ४२ हजार २७६ महिला र एक अन्य गरी ९१ हजार २४१ मत खसेको छ । निर्वाचन कार्यालय मकवानपुरका अनुसार मतगणना कार्य तीव्र गतिमा जारी रहेको छ र भोलिसम्म अन्तिम परिणाम सार्वजनिक गर्ने तयारी गरिएको छ ।

# चितवनमा अटो दुर्घटना ४ जनाको मृत्यु

समाज संवाददाता

हेटौँडा : चितवनको कालिका नगरपालिका-९ मा अटो दुर्घटना भएको छ । दुर्घटनामा परी ४ जनाको मृत्यु भएको छ भने १ जना घाइते भएका छन् ।

उपरदाङ्ढीबाट शक्तिखोरतर्फ आउँदै गरेको बा प्र ०६-००१ ह ०३१५ नम्बरको अटो आफैं अनियन्त्रित भएर नालीमा खस्दा ४ जनाको मृत्यु भएको प्रहरीले जनाएको छ । दुर्घटनामा अटो चालक राप्ती नगरपालिका-९ बस्ने ३९ वर्षका पूर्णबहादुर विक, राप्ती नगरपालिका-८ की ५६ वर्षीया बिष्णुकुमारी तामाङ, राप्ती नगरपालिका-९ की २२ वर्षीया बिनी तामाङ, सोही ठाँउका ५५ वर्षका तिलक तामाङको उपचारको क्रममा मृत्यु भएको हो । दुर्घटनामा राप्ती-९ की ५३ वर्षीया चिनिकुमारी गुरुङ घाइते भएकी छिन् । उनको पुरानो मेडिकल कलेज भरतपुरमा उपचार भइरहेको छ ।



## सम्पादकीय

# निर्वाचनले दिएको सन्देश

जेनजी आन्दोलनको परिणामस्वरुप घोषणा भएको प्रतिनिधिसभा सदस्य निर्वाचनको मतदान सम्पन्न भई मतगणना भइरहेको छ । फागुन २१ गते बिहीबार देशभर एकैपटक सबै मतदान केन्द्रमा मतदान सम्पन्न भएको छ । कुनै अप्रिय घटनाबिना सहजरुपमा शान्तिपूर्ण मतदान सम्पन्न भएसँगै मतगणना सुरु भएर धेरै क्षेत्रको प्रत्यक्षतर्फको मतगणना टुंगिएको छ । आइतबार सम्म प्रत्यक्षतर्फको सबैतिरको मतपरिणाम आइसक्ने अनुमान गर्न सकिन्छ । शनिबार साँझ ८ बजेसम्म देशभरका एक सय ६५ निर्वाचन क्षेत्रमध्ये ८५ क्षेत्रको नतिजा सार्वजनिक भइसकेको छ । यस अवधिसम्म राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का उम्मेदवार ६९ क्षेत्रमा विजयी भएका छन् भने मतगणना भइरहेको ५३ क्षेत्रमा अग्रस्थानमा छन् । नेपाली कांग्रेस ९ क्षेत्रमा विजयी भएर १० क्षेत्रमा अग्रस्थानमा रहँदा नेकपा एमालेले ३ क्षेत्रमा जितेर ८ क्षेत्रमा अग्रता लिएको छ । २ क्षेत्रमा जितेको नेपाली कम्युनिष्ट पार्टी ५ क्षेत्रमा अग्रस्थानमा छ । राष्ट्रिय प्रजातन्त्र पार्टी र स्वतन्त्र उम्मेदवारले एक-एक क्षेत्रमा जित्दा श्रम संस्कृति पार्टी ३ क्षेत्रमा अग्रस्थानमा रहेको छ ।

यस पटकको निर्वाचनको क्रममा देखिएको जनलहर अनुसार नै मतदानबाट पनि धेरैजसो क्षेत्रमा रास्वपाका उम्मेदवार विजयी भएका छन् । प्रत्यक्षतर्फ एक सय २० सिटको हाराहारीमा जित हासिल गर्ने सम्भावना देखिएको रास्वपाको समानुपातिकतर्फको मत पनि अरु दलहरुभन्दा निकै बढी आइरहेको छ । समानुपातिकको गणना सम्पन्न भएको करिब ८ लाख ३६ हजार मतमध्ये आधाभन्दा बढी अर्थात् करिब ४ लाख २५ हजार रास्वपाको छ । यसैअनुसार समानुपातिक मत रास्वपाले पाउने हो भने ५० देखि ५५ सिट समानुपातिकबाट जुटाउने सम्भावना देखिन्छ । प्रत्यक्ष र समानुपातिकबाट रास्वपाले प्रतिनिधिसभामा दुई तिहाइ नजिक जित्ने अवस्था देखिन्छ । पुराना दलहरु कांग्रेस, एमाले, माओवादी, राप्रपाले पाएको मत विगतको निर्वाचनको तुलनामा निकै कम रहेको छ ।

मतगणनाको प्रारम्भीक नतिजादेखि नै देशव्यापीरुपमा रास्वपाको पक्षमा देखिएको लहर र हालसम्म प्राप्त परिणामले अब मुलुकमा रास्वपाले सरकार गठन गर्ने निश्चित देखिएको छ । बालेन्द्र (बालेन) साहलाई प्रधानमन्त्रीको रुपमा प्रस्तुत गरेर निर्वाचनमा होमिएको रास्वपाले बालेनकै कारण यो सफलता पाएको स्पष्ट छ । सहकारीको रकम हिनामिनाको आरोपमा विभिन्न जिल्लामा मुद्दा खेपिरहेका रास्वपा सभापति रवि लामिछानेप्रतिको सहानुभूतिले पनि रास्वपाको सफलतामा सहयोग गरेको मान्न सकिन्छ । दुई तिहाइ र स्पष्ट बहुमत हुँदा पनि अहिलेसम्म कुनै सरकारले पूर्ण समय काम गर्न नसकेको अवस्थामा यस पटक फेरि रास्वपाले पाउने देखिएको भारी बहुमतका कारण मुलुकले स्थिर सरकार पाउने आम नागरिकको अपेक्षा रहेको छ ।

विगतका राजनीतिक खिचातानी र गठबन्धन फेर्ने परिपाटी अन्त्य हुने आशाका साथ रास्वपालाई बहुमत दिएको मतदाताको स्पष्ट सन्देश रहेको छ । देशमा लामो समयदेखि स्थिर सरकार बन्न नसक्दा देखिएको सत्ता केन्द्रित राजनीतिलाई अन्त्य गरी ५ वर्षसम्म स्थिर सरकार बनाएर मुलुकमा सुशासन कायम गर्नुपर्ने सन्देश निर्वाचन परिणामले दिएको छ । निर्वाचनको क्रममा ल्याइएको घोषणापत्रको कार्यान्वयनसँगै भ्रष्टाचारको निष्पक्ष छानविन गरी दोषीलाई कारबाही गर्नुपर्ने जिम्मेवारी रास्वपाले पूरा गर्नुपर्ने देखिन्छ । जेनजी आन्दोलनको मर्म र भावनाबमोजिम देशको शासकीय स्वरुप, प्रदेश संरचना, स्थानीय तहलगायत संवैधानिक जटिलता देखिएका क्षेत्रलाई कसरी सहज बनाउने भन्नेतर्फ पनि आगामी सरकारले ध्यान पुर्‍याउनुपर्ने आवश्यकता छ । आम नागरिकले धेरै आशा र विश्वास गरेर जाहेर गरेको जनमतको सम्मान गर्न रास्वपा अर्थात् बालेन सरकारले कसरी काम गर्छ देश र रास्वपाको भविष्य त्यसमै निर्भर हुने निश्चित छ ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | चित्लाङ इलाका ६२१००० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | वारुण यन्त्र १०१ |
| ट्राफिक प्रहरी १०३ | बालबालिका खोजतलास केन्द्र १०४ |
| वडा प्रहरी ५२०२९९ | बाल हेल्पलाइन १०९८ |
| पशुपतिनगर इलाका ५२०५९८ | हेलो सरकार ११११ |
| मनहरी इलाका ९८५५०९०१६१ | नेपाल टेलिकम सोधपुछ १९७ |
| भीमफेदी इलाका ६९१४६२ | एम्बुलेन्स १०२ |
| पालुङ इलाका ६२०४६७ | नेपाल विद्युत प्राधिकरण गुनासो ११५० |
| फापरबारी इलाका ६२१९८० | |

## तपाईको राशिफल



पं. ज्योतिष: तोयानाथ सुवेदी
ॐ तुलसी मेडिकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

| | |
|---|---|
| मेष | : व्यापार–व्यवसाय मध्यमकारक देखिने समय छ । |
| वृष | : स्नेह र रोमाञ्चकता बढ्ने समय योग देखिन्छ । |
| मिथुन | : रोकिएका कामहरु पुन: सुचारु हुने योग छ । |
| कर्कट | : व्यापार–व्यवसाय मध्यमकारक रहेको देखिन्छ । |
| सिंह | : समझदारीले हरेक समस्याहरु पूर्ण हुने समय छ । |
| कन्या | : उदेश्य र आकांक्षा पूर्ण हुने समयको योग देखिन्छ । |
| तुला | : साहित्कि कृत्यमा सरिक भइने समय योग छ । |
| वृश्चिक | : प्रगति र विकासका द्वारहरु बन्द रहने समय छ । |
| धनु | : विश्वासको संकट आइपर्ने समय योग छ । |
| मकर | : योजनाहरु कार्यान्वयन गर्ने समय योग छ । |
| कुम्भ | : रोजगारीको नयाँ अवसर प्राप्त हुने समय छ । |
| मीन | : कर्मप्रति समर्पित र प्रतिष्ठा कमाइने समय योग छ । |

# महिलामैत्री परिवेश र लैंगिक न्याय अपरिहार्य

**सन्दर्भ : ११६ औं अन्तर्राष्ट्रिय महिला दिवस २०२६**



प्रकाश खतिवडा

८ मार्च २०२६ का दिन विश्वभर ११६ औँ अन्तर्राष्ट्रिय महिला दिवस मनाइँदैछ । यस वर्षको अन्तर्राष्ट्रिय नारा ‘सबै महिला र बालिकाका लागि अधिकार, न्याय र कार्य सहितको अवसर’ ले केवल औपचारिक सन्देश मात्र नभई व्यवहारमा रूपान्तरणका लागि आव्हान गरेको छ । अन्तर्राष्ट्रिय महिला दिवसको सुरुवात २०औँ शताब्दीको प्रारम्भमा महिलाहरूको समान अधिकार र न्यायका आन्दोलनबाट भएको थियो । सन् १९१० मा क्लारा जेटकिनले विश्व महिला दिवसको प्रस्ताव गरेकी थिइन् । त्यसयता हरेक मार्च ८ मा महिलाको अधिकार, समानता र सशक्तीकरणका लागि निरन्तर रुपमा यो दिवस मनाइँदै आएको छ । अधिकारको घोषणाको साथसाथै त्यसको न्यायपूर्ण कार्यान्वयन र ठोस कार्यद्वारा मात्र महिला र बालिकाको जीवनमा वास्तविक परिवर्तन सम्भव हुन्छ भन्ने बारेमा बहस चलाउने कार्य पनि यहि दिवसको अवसरमा गर्ने गरिन्छ ।

नेपालको सन्दर्भमा हेर्दा महिला र बालिका अझै पनि यौन तथा लैंगिक हिंसाका विभिन्न स्वरूपबाट प्रभावित भइरहेका पाईन्छन् । घरेलु हिंसा, बलात्कार, दुर्व्यवहार, मानव बेचबिखन जस्ता घटनाहरू समाजमा व्याप्त छन् । राष्ट्रिय बाल अधिकार परिषद्ले प्रकाशन गरेको बुलेटिनमा राष्ट्रिय जनगणना २०७८ अनुसार नेपालमा ३५ दशमलव १ प्रतिशत बालिकाको बिबाह हुने गरेको तथ्याङ्क प्रकाशमा ल्याएको छ । बालबिबाह गर्नु र गराउनु दुबै सामाजिक र कानुनी अपराध हो भन्ने बारेमा जान्दा जान्दै पनि कतिपय उमेर नपुगेका बालिकाहरू विवाह र गर्भधारणको बाध्यतामा परिरहेका छन्, जसले उनीहरूको शिक्षा, स्वास्थ्य, आत्मसम्मान र भविष्यका अवसरहरू गम्भीर रूपमा प्रभावित भइरहेका छन् । कतिपय अवस्थामा किशोरीहरूले बालबिबाहको दीर्घकालीन नकारात्मक प्रभावबारे पर्याप्त जानकारी नपाउँदा ‘भागी विवाह’ गर्ने प्रवृत्ति समेत बढ्दै गएको देखिन्छ ।

बालिका र किशोरीलाई आफ्नो जीवनको लक्ष्य निर्धारण गर्न, त्यसमा पुग्ने योजना बनाउन र स्वनिर्णय गर्न सक्ने वातावरण नबन्नु नै बालविवाह बढ्नुको एउटा प्रमुख कारण देखिएको छ । जब किशोरीहरूलाई शिक्षा, परामर्श, मार्गदर्शन र नेतृत्व विकासको अवसर दिइँदैन, तब उनीहरु वैकल्पिक जीवनमार्गको कल्पना गर्नसमेत सक्दैनन् । त्यसैले सशक्तीकरण केवल नारामा सीमित नभई व्यवहारमा उतारिनु पर्दछ ।

आर्थिक, शैक्षिक, स्वास्थ्य र कानुनी पहुँच सुनिश्चित गर्दै किशोरीलाई आत्मनिर्भर बनाउनु बालविवाह अन्त्यको दिगो उपाय हो भन्नेमा अब दुईमत छैन । महिलालाई हिंसाबाट मुक्त गर्दै उनीहरूको शारीरिक अखण्डता अनुभुत गराउने वातावरण सिर्जना गर्नु आजको आवश्यकता हो । परिवार र समुदायमा सम्मान, समानता र सहअस्तित्वको संस्कार विकास गरिनु पर्दछ भन्ने आवाज बुलन्द हुँदै गएको पाईन्छ ।

न्यायपूर्ण, समावेशी र हिंसामुक्त समाज निर्माण गर्नु राज्य र नागरिक समाजको साझा दायित्व हो । यो केवल सरकारको मात्र जिम्मेवारी नभई प्रत्येक नागरिकले लैंगिक समानता, मानव अधिकार र सामाजिक न्यायको पक्षमा आवाज उठाउनु नै आफ्नो कर्तव्य ठान्नु पर्दछ । महिला तथा सीमान्तकृत समुदायलाई आफ्नो शरीर, जीवन र समुदायको विकासका विषयमा बोल्ने, निर्णय गर्ने र नेतृत्व गर्ने अवसर प्रदान गरिनु अत्यावश्यक छ । बहुक्षेत्रीय अवधारणाअनुसार आर्थिक, स्वास्थ्य, कानुनी, साँस्कृतिक, शैक्षिक, पर्यावरणीय तथा राजनीतिक स्रोतहरूमा समान पहुँच सुनिश्चित भएमा मात्र लैंगिक न्याय स्थापित हुन्छ ।

यसले बालबिबाह न्यूनीकरण मात्र होइन, समग्र सामाजिक रूपान्तरणको ढोका खोल्न मद्दत पुर्‍याउँदछ । बालिका, किशोरी र महिलाको क्षमता विकास, अन्तरपुस्ता नेतृत्व विकास, विशेषगरी किशोरीलाई लक्ष्य निर्धारण र योजना निर्माणमा सहयोग तथा प्रभावकारी नीतिगत पैरवी आजको आवश्यकता हो । सामाजिक रूपान्तरण बिना कानुनी प्रावधानहरू पनि कमजोर सावित हुन पुग्दछन् । त्यसैले लैंगिक न्याय, सामाजिक समावेशीकरण र समानताको अभ्यास समुयस्तरमै संस्थागत हुनु पर्दछ ।

बालविवाह वा महिला हिंसाको घटना भएमा सम्बन्धित निकायमा खबर गर्नु नागरिकको जिम्मेवारी हो । राष्ट्रिय महिला आयोगद्वारा सञ्चालित नि:शुल्क हेल्पलाइन ११४५ (खबर गरौँ ११४५), बाल हेल्पलाइन १०९८, तथा नेपाल प्रहरीको १०० नम्बरमा सम्पर्क गर्न सकिन्छ । यसका साथै ओरेक, बालिका दुही होइनन् राष्ट्रिय सञ्जाल, जिएनबि नेपाल, एटविन, स्वतन्त्रता अभियान, सिजप, शान्ति फाउण्डेशन, एफडब्लुएलडी, युएन उमन, प्लान ईन्टरनेशनल, केयर नेपाल, हिमराइट्स, माईती नेपाल, सिविन, सिविस, बाल कल्याण समाज, हामी दाजुभाइ, सेभ द चिल्ड्रेन, टिडिएच, विश्वास नेपाल, लुनिभा, युवालय, मेन ईंगेज एलायन्स, जेसिवाईसिएन, साथी लगायतका संस्थाहरूले लैंगिक समानता र सामाजिक न्यायको पक्षमा वकालत गरिरहेका पाईन्छन् ।

अन्तर्राष्ट्रिय स्तरमा महिला विरुद्धका सबै प्रकारका भेदभाव उन्मूलन गर्ने सम्बन्धी महासन्धी १९७९, आर्थिक-सामाजिक-साँस्कृतिक अधिकारको अभिसन्धी १९६६, विश्वव्यापी आवधिक समीक्षा प्रक्रिया तथा दिगो विकास लक्ष्यहरू (विशेषत: लक्ष्य ३, ५, ८, १०, १३ र १६) मार्फत राज्यले गरेका प्रतिबद्धताहरू व्यवहारमा कार्यान्वयन गर्न, गराउन निरन्तर पैरवी आवश्यक छ । कानुन र नीतिको प्रभावकारी कार्यान्वयनले मात्र पितृसत्तात्मक सोचमा रूपान्तरण ल्याउन सकिन्छ । पितृसत्तात्मक संरचना र सोच नै बालविवाह तथा लैंगिक हिंसाको मूल कारण हो भन्नुमा अत्युक्ति नहोला । जबसम्म छोरीलाई ‘बोझ’ र छोरालाई ‘हकवाला’ मान्ने दृष्टिकोण परिवर्तन हुँदैन, तबसम्म दिगो समाधान सम्भव हुँदैन । शिक्षामा समान पहुँच, आर्थिक अवसर, सामाजिक सुरक्षा र राजनीतिक सहभागिता सुनिश्चित गर्दा मात्र लैंगिक समानता सुदृढ हुन सक्दछ । त्यसैले यस बारेमा गम्भिर हुने बेला भएको छ ।

यस ११६ औँ अन्तर्राष्ट्रिय महिला दिवसले अधिकारलाई कार्यान्वयनमा ल्याउने जिम्मेवारी पनि हाम्रो नै हो भन्ने स्मरण गराएको छ । न्यायको सुनिश्चितता बिना विकास अपूर्ण हुन जानेछ । सबै महिला र बालिकाले आफ्नो जीवनबारे स्वतन्त्र निर्णय गर्न सक्ने, हिंसामुक्त वातावरणमा बाँच्न सक्ने र सम्मानित अवसर प्राप्त गर्ने समाज निर्माण नै हाम्रो अबको लक्ष्य हुनु पर्दछ ।

अन्तत:, सामाजिक रूपान्तरणको अभियानमा प्रत्येक नागरिक, राज्य संयन्त्र, नागरिक समाज संस्था, विकासका साझेदारहरु र अन्तर्राष्ट्रिय समुदायको सहकार्य र कार्यगत एकता अपरिहार्य छ । अधिकार, न्याय र कार्यको समन्वयबाट मात्र बालबिबाहको अन्त्य, महिला हिंसाको न्यूनीकरण र समानतामूलक समाजको स्थापना सम्भव छ । यही प्रतिबद्धतासहित ११६ औँ अन्तर्राष्ट्रिय महिला दिवसलाई सार्थक बनाउने जिम्मेवारी हामी सबैको हो । सबै मिलौं, हालेमालो गरौँ, बालिका, किशोरी र महिलामैत्री समाज निर्माण गरौँ । धन्यबाद ।

# सच्चिने मौका गुमाउँदा सक्किने खतरामा पुराना दलहरू



केपी शर्मा

२०८२ फागुन २१ गते देशमा प्रतिनिधिसभा सदस्य निर्वाचन सम्पन्न भएको छ । २०८२ भदौ २७ गते गठित अन्तरिम सरकारका प्रधानमन्त्री सुशीला कार्की नेतृत्वको सरकारले राम्रो सुझबुझ र सफलतापूर्वक निर्वाचन सम्पन्न गराएको छ । छिटपुट घटना बाहेक चुनाव निष्पक्ष र शान्तिपूर्ण रुपमा सम्पन्न गर्न गराउन सफल हुने सबै सरकारी निकायप्रति धन्यवाद नदिइरहन सकिन्न । अझ विशेष धन्यवादको श्रेय हालका सरकार प्रमुख सुशीला कार्कीप्रति दिनुपर्दछ । वहाँको यस कार्यप्रति सम्पूर्ण स्वदेशी र विदेशमा बस्ने नेपालीहरुले समेत प्रशंसा गरेका छन् । राष्ट्रपतिबाट सरकार गठन हुँदा प्राप्त निर्वाचन गराउने अभिभारा सरकारले फागुन २१ गते सम्पन्न गरेको छ । निर्वाचनको दिन खसेको मतको आधारमा आ-आफ्नो अनुमान पेश गर्नेहरुले रास्वपाको बहुमत आउन सक्ने अनुमान धेरैले गरेका थिए । फागुन २३ गतेसम्म देशभर मतगणनाको परिणाम हेर्दा अत्यधिक निर्वाचन क्षेत्रहरुमा ज्यादै ठूलो मतान्तरमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) अगाडि देखियो । यसले प्रष्ट रुपमा के देखाउँछ भने देशमा परिवर्तनको पक्षमा जनमत देखियो । पुराना दलहरुप्रति जनताको वितृष्णा छताछुल्ल भयो । एउटै मात्र दलप्रति जनताको विश्वास र भरोसा देखियो ।

तीनदशक भन्दा बढी समय आलोपालो गरी सेटिङको आधारमा सरकार सञ्चालन गर्दै आएको पुराना तीन ठूला भनाउँदा राजनैतिक दलहरुको घमण्ड र शक्तिको उत्पातका कारण आज यो परिणाम भोग्नुपर्‍यो । विभिन्न समयमा तिनै ठूला दलहरुलाई निर्वाचन मार्फत सत्ता सञ्चालन गर्न अमूल्य मत दिएर विश्वास गरेका नेपाली जनताले आफ्नो मतको अवमूल्यन र अविश्वास मात्र देख्नु पर्‍यो । कहिले बहुमत दिएर शासन सत्तामा पुर्‍याए भने कुनै बेला तिनै ठूला दलहरुलाई मिलिजुली शासन गर्न आफ्नो मत जाहेर गरे । तर त्यसको उचित तरिकाले कार्य गर्न सकेनन् । जनतालाई झुक्याएर शासन गर्न पल्केका ती दलका नेताहरु कहिल्यै पनि सुध्रन सकेनन् । जसको परिणाम आज २०८२ को निर्वाचनमा आफ्नो मतबाट जनताले देखाइदिए । कसैले पनि नसोचेको मत परिणाम आउनुमा पुराना दलहरुले अब सच्चिने अवसर पनि हो । अब पनि यो मत परिणाम स्वीकार गरेर आफ्नो कार्यशैली परिवर्तन गरेनन् र जनतासामु सार्वजनिक रुपमा माफी मागेनन् भने ती पुराना दलहरु सक्किने लक्षण देखिँदैछ ।

अब प्रश्न उठ्छ यस्तो स्थिति आउनुमा को-को जिम्मेवार छन् त ? यसको मुख्य जिम्मेवार ती दलका शीर्ष नेताहरु नै हुन् भन्न हिच्किचाउनु पर्दैन । कहिले बहुमतको सरकार बनाएर पनि स्थायी रूपले ५ वर्ष कार्यकाल पूरा गर्न सकेनन् भने दुई वा दुईभन्दा बढी दल मिलेर बनाएको सरकार पनि पूरा समय चल्न सकेन । जसको कारण देशमा सँधै अस्थिर रहन गयो । ३५ वर्षमा १७ वटा सरकार बन्ने अवस्था आयो । दलहरुमा मनोमानी बढ्यो । देशमा भ्रष्ट्राचार व्याप्त भयो । महंगी दिन दुगुना रात चौगुना वृद्धि हुन गयो । सबै संघ संस्था र कार्यालयमा विचौलिया हावी भयो । जनताको मौलिक अधिकारहरु कुन्ठित पारियो । देशमा विदेशी हस्तक्षेप बढ्न थाल्यो । विपक्षी साना दलहरुले आफ्ना विमती राख्दा पनि सुनुवाई भएन । सर्वसाधारण नागरिकलाई शिक्षा र स्वास्थ्य मंहगो बनाइयो । संविधानमा माध्यमिक तहसम्म निशुल्क शिक्षा पाउनुपर्ने नैसर्गिक अधिकारबाट गरिब नागरिकका छोराछोरी बन्चित हुनपुगे । सरकारी अस्पतालमा पाउनुपर्ने स्वास्थ्य सुविधा र बीमा सेवालाई झन जटिल बनाइयो । यसको विपक्षमा आम बुद्धिजिवी, शिक्षक नागरिक समेतले खवरदारी गरिरहे । तर पनि ठूला राजनैतिक दलहरुले सुध्रने लक्षण देखाएनन् । जसको परिणाम आजको अवस्था आयो ।

आवधिक निर्वाचन ५/५ वर्षमा हुने संवैधानिक व्यवस्था रहे तापनि आफू सत्ता संचालन गर्न असफल भएपछि ५ वर्षे कार्यकाल रहेको संसद विघटन गर्ने जस्ता गतिविध तिनै ठूला दलका नेताहरुबाट

...बाँकी पृष्ठ ३ मा

### आज अन्तर्राष्ट्रिय श्रमिक महिला दिवस

# पुरुषसरह महिला बराबरीको हकदार

समाज संवाददाता

हेटौँडा : आज ११६ औं अन्तर्राष्ट्रिय श्रमिक महिला दिवस । महिलाहरुले राजनीतिक, सामाजिक, आर्थिक, साँस्कृतिकलगायत महिलाहरुमाथि भएको शोषण, विभेद र उत्पीडनका विरुद्ध आवाज उठाउने र महिला मुक्ति आन्दोलनका निम्ति संकल्प गर्ने दिनको रुपमा यो दिवस संसारभरका शोषित उत्पीडित महिलाहरुले मनाउने गर्दछन् । नेपालमा पनि विभिन्न कार्यक्रम गरी अन्तर्राष्ट्रिय श्रमिक महिला दिवस मनाइँदैछ ।

अन्तर्राष्ट्रिय श्रमिक महिला दिवस सुरुमा सन् १९११ को मार्च १९ मा मनाइएको थियो । पहिलो अन्तर्राष्ट्रिय महिला दिवसको अवसरमा भएको कार्यक्रममा १० लाख भन्दा बढी महिला तथा पुरुषले र्‍याली गरेका थिए । अन्तर्राष्ट्रिय महिला दिवसको अवधारणा अमेरिकाको सोसिअलिस्ट पार्टीले सन् १९०९ को फेब्रुअरी २८ मा घोषणा गरेको राष्ट्रिय महिला दिवसबाट प्रभावित भएको हो । यस वर्ष प्रतिनिधि सभा सदस्य निर्वाचनका कारण मकवानपुरमा श्रमिक महिला दिवसको सन्दर्भमा कार्यक्रमहरु आयोजना गरिएको छैन । चुनावको मत परिणामलाई लक्षित गर्दै कार्यक्रम नगरिएको हेटौँडा उपमहानगर पालिकाको महिला बालबालिका तथा समावेशीकरण महाशाखा प्रमुख विष्णुकुमारी लामिछानेले बताउनुभयो ।

उहाँका अनुसार विगतको अवस्थाभन्दा अहिले महिलाको अवस्थामा सुधार भएको र अहिलेको समयमा महिलाहरूले शिक्षा, स्वास्थ्य, रोजगार, पारिवारिक स्वतन्त्रता र आरक्षण जस्ता कुराहरुमा राम्रो अवसर पाउँदै आएका छन् । समय जतिनै परिर्वतन भए पनि अहिलेको समयमा निम्न वर्ग र उच्च वर्गको महिला पुरुष दुवै हिंसामा पर्ने गरेको पाइएको छ । तर पनि पुरुषको तुलनामा महिलाहरू बढी हिंसामा पर्ने गरेको उहाँको भनाई छ ।

शिक्षित भएपनि परम्परागत दृष्टिकोणले जरा गाडेर बसेका कारण सामाजिक कुरीति, पहिले र अहिलेको समयमा बालविवाह उस्ता उस्तै रहेको लामिछानेको भनाइ छ । पहिला अभिभावकहरूले जबरजस्ती विवाह गराइदिन्थे भने अहिले बालबालिकाहरूले आफै किशोरावस्थामा प्रेम विवाह गर्ने गरेको पाइएको उहाँको भनाइ छ । नगरपालिकाले जानकारी पाएसम्म बालबिबाह रोक्ने गरेको उहाँले बताउनुभयो । बालविवाह न्यूनीकरणका लागि हेटौँडा उपमहानगरपालिकाले विभिन्न अभियानहरू सञ्चालन गर्दै आएको उहाँले जानकारी दिनुभयो । विभिन्न स्थानीय तह, जिल्ला र मुलुकबाट अलपत्र अवस्थामा फेला परेकाहरुलाई राहत उपलब्ध गराउने उद्देश्यले सेफ हाउ सञ्चालन गरिएको लामिछानेले जानकारी दिनुभयो । सेफ हाउसमा बढीजसो घरेलु हिंसा पीडित महिलाहरू आउने गरेका छन् ।

पहिलेको तुलनामा अहिले हिंसाका घटना कम हुने गरेको ११ नम्बर वडा अध्यक्ष जुना दाहालले बताउनुभयो । महिलाहरुले पाएका अवसरहरूमा समाजले स्वीकार्न नसक्ने, प्रशासनिक क्षेत्रमा हेर्ने दृष्टिकोण फरक, महिलालाई कमजोर बनाउन खोज्ने जस्ता समस्या रहेको उहाँको भनाई छ । अहिलेको समयमा हेर्दा शिक्षित परिवारका महिला नै बढी हिंसामा पर्ने गरेको उहाँको भनाइ छ । महिलाहरुलाई प्रशासनिक क्षेत्रमा सामाजले पछि पारेको दाहाल बताउनुहुन्छ । प्रशासनिक क्षेत्रमा रहेर काम गरिरहँदा त्यसले के गर्न सक्छे र भन्ने भाष्य बढि प्रयोग हुँदै आए पनि पहिलाको तुलनामा महिलाहरूले राजनीतिक, प्रशासनिक लगायतका धेरै ठाउँमा बराबर हक लिएर काम गरिरहेको उहाँको भनाई छ । वडा नम्बर ११ ले हरेक वर्ष महिलाहरूको नेतृत्व विकासका लागि विभिन्न किसिमको कार्यक्रमहरू गर्दै आएको छ । यस वर्ष पनि कार्यालयले कार्यक्रमहरू गर्ने उहाँको भनाइ छ ।

अहिलेको समयमा संख्यात्मक हिसाबले महिलाको उपस्थिति उल्लेखनीय रहे पनि महिलाको साक्षरता कम रहेको जिल्ला बचत तथा ऋण सहकारी संघ लिमिटेडकी अध्यक्ष कल्पना श्रेष्ठले बताउनुभयो । पछिल्लो समयमा राष्ट्रपति, राष्ट्र प्रमुखको रूपमा पनि महिला रहेपनि सामाजिक सञ्जालको प्रविधिमा महिलालाई तल पार्दै गएको उहाँको भनाइ छ । सामाजिक सञ्जालको प्रविधिमा महिला पुरुष दुबैको चेत निम्न स्तरमा रहेको छ । राजनीतिक क्षेत्रमा महिलाले फड्को मारेपनि के गर्न सक्छ र भन्ने प्रवृत्ति र सोच अहिले पनि समाजमा र हिआएको उहाँले बताउनुभएको छ । अहिलेको समयमा नेतृत्वमा महिलाको भूमिका विभिन्न क्षेत्रमा रहेको पाइएको छ । पहिलेको तुलनामा केही कम भएपनि अहिले पनि महिलालाई के गर्न सक्छिन् र भनेर तल पार्ने सोच रहेको श्रेष्ठको भनाइ छ ।

सहकारीमा अध्यक्षको भूमिकामा रहेर हेर्दा महिलाहरुले पहिलेको समयमा बचत गर्न अभाव रहेको थियो भने अहिले महिलाले आफ्नै नेतृत्वमा चाहेको बचत गर्ने र व्यवसाय गर्ने गरेको उहाँको भनाई छ । जिल्ला बचतले दिवसकै अवसर पारेर कविता प्रतियोगिता तथा तनाव व्यवस्थापन कार्यशालाको आयोजना गरेको छ ।

यस्तै, मकवानपुर उद्योग वाणिज्य संघकी महासचिव प्रतिमा श्रेष्ठका अनुसार राष्ट्र निर्माणमा आजका महिला उद्योग, व्यापार क्षेत्रमा फड्को मारेको बताउनुभएको छ । महिलाहरू उद्यमशीलता विकास गर्न, व्यावसायिक अवसर सिर्जना गर्न, आर्थिक नेतृत्व विकासमा अगाडि बढिरहेको उहाँको भनाइ छ । महिलालाई अवसर सँगसँगै विविध क्षेत्रमा चुनौती पनि रहेको उहाँले बताउनुभयो । समाजबाट रहने असमानता, आर्थिक निर्भरता, अवसर अभाव, विजय प्रक्रियामा सीमित सहभागी र नेतृत्वमा महिलालाई पर सार्ने प्रवृत्ति रहेको उहाँको भनाइ छ ।

अहिले महिलाहरू आर्थिक रूपमा सशक्त हुँदै गएको उल्लेख गर्नुहुँदै उद्योग वाणिज्य संघले उद्यमी महिलाहरूका लागि विभिन्न किसिमको कार्यक्रमहरूको आयोजना गर्दै आएको दावी गर्नुभयो । संघले महिला उद्यमी विकास समिति निर्माण गरी महिलाहरूलाई बजेट, नेतृत्व प्रदान गर्दै आएको छ । आफूले नै महासचिवमा रहिरहँदा र आइरहँदा विविध किसिमको चुनौतीहरू पनि सामना गर्नुपरेको उहाँले बताउनुहुन्छ ।

# कमल थापाको छैठौं हार



समाज संवाददाता

हेटौँडा : प्रतिनिधिसभा सदस्य निर्वाचनअन्तर्गत काठमाडौँ क्षेत्र नम्बर-५ मा उम्मेदवार बनेका राप्रपाका पूर्वअध्यक्ष कमल थापाले लज्जास्पद हार व्यहोरेका छन् । उनले जमानतसमेत जोगाउन सकेनन् ।

पार्टीभित्रका अन्य आकांक्षीलाई पेलेर जबरजस्ती टिकट हत्याएका थापालाई मतदाताले भने अस्वीकृत गरेका छन् । सो क्षेत्रमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सस्मित पोखरेल ३० हजार ७३७ मत ल्याएर विजय हासिल छन् । दोस्रो स्थानमा रहेका नेपाली काँग्रेसका प्रदीप पौडेलले ९ हजार १५९ मत प्राप्त गर्दा नेकपा एमालेका हेभिवेट नेता ईश्वर पोखरेल ४ हजार ७०१ मतसहित तेस्रो स्थानमा खुम्चिए । तर, राप्रपाको चुनाव चिह्न लिएर उठेका कमल थापाले भने जम्मा १ हजार ९२२ मत मात्र प्राप्त गरे । कुल सदर मतको १० प्रतिशत पनि ल्याउन नसकेपछि कानुनबमोजिम उनको जमानत जफत भयो ।

काठमाडौँ-५ बाट राप्रपाका तर्फबाट स्थानीय नेता हिक्मतजंग कार्कीले टिकट पाउने निश्चित भइसकेको थियो । तर, अन्तिम समयमा कमल थापाले आफ्नो प्रभाव प्रयोग गर्दै पेलेर उक्त टिकट आफूले लिएको आरोप लागेको थियो । लामो समयदेखि क्षेत्रमा खटिएका कार्कीको टिकट खोसिएपछि आक्रोशित हुँदै उनले राप्रपा नै परित्याग गरेका थिए ।

कमल थापाले २०४७ सालपछि भएका विभिन्न चुनावमा पटक-पटक उम्मेदवारी दिए पनि प्रत्यक्षतर्फ उनको नतिजा निकै कमजोर रहँदै आएको छ । उनले २०५१ सालबाहेक प्रत्यक्ष निर्वाचनमा जित निकाल्न सकेका छैनन् । २०४८ साल (प्रतिनिधिसभा) मकवानपुर-१ बाट एमालेका कृष्णप्रसाद दाहालसँग पराजित भएका थिए । २०५१ सालमा भएको मध्यावधिमा मकवानपुर-१ बाट विजयी भएका थापा सोही चुनावमा मकवानपुर-२ बाट एमालेका विरोध खतिवडासँग पराजित भएका थिए ।

२०५६ साल प्रतिनिधिसभा निर्वाचन क्षेत्रअन्तर्गत मकवानपुर-१ मा एमालेका कृष्णप्रसाद दाहाल र मकवानपुर-३ मा एमालेकै वीरबहादुर लामासँग दुवै क्षेत्रमा पराजित भएका थापा २०६४ सालमा पहिलो संविधानसभा निर्वाचनमा मकवानपुर-३ मा माओवादीका प्रल्हाद लामिछानेसँग पराजित भए । २०७० सालमा दोस्रो संविधानसभा निर्वाचनमा प्रत्यक्ष चुनाव नजिते पनि समानुपातिक सूचीबाट थापा संसद् प्रवेश गरे । २०७४ सालमा प्रतिनिधिसभा सदस्य निर्वाचन क्षेत्र नम्बर-१ मा एमालेका कृष्णप्रसाद दाहालसँग पराजित भएका थापा २०७९ सालको प्रतिनिधिसभा सदस्य निर्वाचनमा मकवानपुर-१ मा एमालेबाट उम्मेदवार बनेर राप्रपाकै दीपक बहादुर सिंहसँग पराजित हुँदै तेस्रो स्थानमा सीमित बनेका थिए ।

## सच्चिने मौका...

भए । जनतालाई यस्ता कार्यहरू पटक्कै चित्त बुझेको थिएन । आफ्नै गलत कार्यहरुले गर्दा पुराना दलहरूले आफ्नै खुट्टामा बन्चरो हान्न पुगे । वास्तवमा जनता भनेका निर्णायक शक्ति हुन् । जनतालाई कम आँक्न कुनै पनि दलले हुँदैन । जनताको पक्षमा काम गरे सरकारको प्रशंसा र समर्थन गर्छन् तर उनीहरुको विपक्षमा काम गरे सरकारको आलोचना र विरोध गर्छन् । नेपालमा जुनसुकै समयमा भएको राज्य व्यवस्था परिवर्तनमा जनताको साथ र सहयोगले नै भएको छ । वि.सं. २००७ सालको प्रजातान्त्रिक आन्दोलन, २०३६ सालको विद्यार्थी आन्दोलन, २०४६ को पञ्चायत विरोधी जनआन्दोलन, २०६२/०६३ को दोस्रो जनआन्दोलन सबै सफल हुनुमा जनताको संलग्नता नै मुख्य आधार हुन् । राजनैतिक दलले मात्र यो परिवर्तन असम्भव हुने थियो । यो कुरा पुराना दलका नेताहरूले बुझ्न सकेनन् । व्यवस्था परिवर्तनमा जनताको साथ पाए । तर तिनै जनताको आर्थिक अवस्थामा परिवर्तन गर्न भन्दा पनि आफ्नै व्यक्तिगत अवस्था परिवर्तन गर्न लागी परे । यिनै कारणहरूले गर्दा आज उनीहरू जनताको अभिमतबाट टाढा हुन पुगे ।

जब जनताको सहनशिलता र धैर्यको सीमा नाघ्यो तब जेन जी युवाको आव्हानमा २०८२ भदौ २३ र २४ गते जेन जी आन्दोलन उत्कर्षमा पुग्यो । उनीहरुको आन्दोलन देशमा व्याप्त भ्रष्ट्राचार, नातावाद र सामाजिक सञ्जालमाथिको प्रतिवन्ध मुख्य कारण थियो । तर तत्कालिन केपी शर्मा ओली नेतृत्वको सरकारले त्यसलाई बेवास्ता गर्‍यो । युवाको मागलाई अवमूल्यन गर्‍यो । भाद्र २३ गते १९ जना विद्यार्थी र सर्वसाधारणको मृत्यु प्रहरीको गोली लागी हुन पुग्यो । त्यसको भोलिपल्ट आन्दोलनले उग्ररूप लिन पुग्यो र देशका विभिन्न सरकारी कार्यालयहरू, सिंहदरबार, संसद भवन तथा दलका नेताहरुका घर र सवारी साधनको आगजनी भयो । यस आन्दोलनमा ७६ जनाको मृत्यु भयो भने अर्बौको भौतिक सम्पत्ति क्षति हुन पुग्यो । तत्कालिन प्रधानमन्त्री केपी ओलीले राजिनामा दिनुपर्‍यो । ३ दिनसम्म राज्य सरकारविहिन रहन गयो ।

यस्तो अवस्थामा पनि पुराना राजनैतिक दलहरुले आफ्ना गलत कार्यहरुको क्षमायाचना गर्नुको साटो पुन: गठन भएको सुशीला कार्की नेतृत्वको सरकारलाई असंवैधानिक भएको र यो सरकारले चुनाव गर्न नसक्ने विचार व्यक्त गरिरहे । तर आम जनता दलका यस्ता कार्य शैलीप्रति वितृष्णामा परेका थिए । अब उनीहरू ती दलहरुका विकल्प सोचिरहेका थिए । वि.सं. २०७९ को आम निर्वाचनमा एउटा वैकल्पिक शक्तिको रूपमा रास्वपाको स्थापनाले जनतामा उत्सुकता र खुशी छाएको थियो । त्यस दलको नेतृत्व रवि लामिछानेले गरेका थिए ।

२०७९ मा उक्त दलले प्रत्यक्ष र समानुपातिक गरी प्रतिनिधिसभामा २० सिट जित्न सफल भएको थियो । हो यही पार्टी आज २०८२ को फागुन २१ को निर्वाचनबाट जनताको अपार माया पाउन सफल भएको छ र बहुमत हासिल गर्ने सुरमा पुगेको छ । यसरी पुराना दलहरुले आफ्नो पुरानो मत र हैसियत आफ्नो कारणले गुमाउँदै छन् । यसरी समयमै सच्चिने अवसर गुमाउँदा पुराना दलहरु सक्किने अवस्थामा पुग्ने भए ।

हेटौँडा रिफरेन्स ल्याबरोटरी

ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।

(HRL)

खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५० प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं ।

थप जानकारीको लागि HRL

हेटौँडा रिफरेन्स ल्याबरोटरी

हेटौँडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७

सामुदायिक रेडियो, रेडियो निकास ९३.४ मेगाहर्ज
सुनौं र सुनाऔं

वास्तु किन चाहिन्छ ?

Scientific & Modern
तरिकाबाट वास्तु गर्न चाहनुहुन्छ ?

❖ पन्चतत्व सन्तुलित राख्न,
❖ वास्तुदोषबाट हुने हानी/नोक्सानीबाट जोगिन,
❖ घर/जग्गाबाट लाभ/हानी थाहा पाउन,
❖ गृहस्थी जीवन सन्तुलन राख्न,
वास्तु घरको मेरुदण्ड हो, यसले पञ्चतत्व (अग्नी, आकास, जल, वायु र पृथ्वी) सन्तुलन गर्दछ ।
❖ वैदिक वास्तुमा आधारित रहेर Scientific & Modern Vastu गराउँदा, बनी सकेको घरको तोडफोड नगरिकन वास्तुदोष निवारण गर्न सकिन्छ ।

**तपाईको जन्म मिति र मोबाईल नम्बरबाट शुभ अंक निकाल्न र अंकको प्रभावबाट सकारात्मक परिवर्तन ल्याउन चाहनुहुन्छ भने हामीलाई सम्झनुहोस् ।**

निशूल्क परामर्श
❖ Mobile Numerology,
❖ Crystal Remedy

Contact :
Sanukajis Ghalan
9766120056
9824224095

के तपाई आफ्नो व्यवसायको विज्ञापन गरेर व्यावसायिक प्रवर्द्धन गर्न चाहनुहुन्छ ? यदि त्यसो हो भने सम्पर्क गर्नुहोस्
०५७-५२६८३०

समृद्धि प्रकाशन प्रा. लि.
हेटौँडा, मकवानपुर

## शिक्षक आवश्यकता

*(दोस्रोपटक सूचना प्रकाशित मिति : २०८२/११/२४)*

यस विद्यालयमा रिक्त रहेको प्राथमिक तह तृतीय श्रेणीको एक जना शिक्षक नियुक्त गर्नका लागि विद्यालय व्यवस्थापन समितिको मिति २०८२/१०/०९ गतेको निर्णयअनुसार आवश्यक योग्यता पुगेका उम्मेद्वारहरुबाट यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र रितपूर्वक आवेदन दिनुहुन यो सूचना प्रकाशित गरिएको छ ।

**तपसील**
**विज्ञापन नं. : ०१/२०८२/८३**
तह : प्राथमिक तृतीय अस्थायी करार शिक्षक
शैक्षिक योग्यता : आइएड वा सो सरह उत्तीर्ण ।
दरखास्त दस्तुर : रु १,५००/- (अक्षरुपी एक हजार पाँच सय रुपैयाँ)
उमेर : १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको ।
तलब सुविधा : नेपाल सरकारले तोकेबमोजिम ।
परीक्षाको किसिम : लिखित, मौखिक, प्रयोगात्मक ।
दरखास्त दिने अन्तिम मिति : २०८२/११/३० गते दिनको ४:00 बजेसम्म । विद्यालयमा ।
सम्पर्क मिति : २०८२/११/३० गते ।
परीक्षा मिति : सम्पर्क मितिमा जानकारी गराइनेछ ।

**आवश्यक कागजात :**
१) शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि २ प्रति ।
२) नागरिकताको प्रमाणपत्रको प्रतिलिपि २ प्रति ।
३) स्थायी अध्यापन अनुमतिपत्रको प्रतिलिपि २ प्रति ।
४) बायोडाटा एक प्रति । अनुभव भए सोको प्रतिलिपि एक प्रति ।
५) हस्तलिखित निवेदन ।
सम्पर्क : ९८४९४८२४२२ (अध्यक्ष), ९८५५०१६३६० (प्रअ)

**प्रधानाध्यापक**
**श्री व्यास माध्यमिक विद्यालय**
**कैलाश-६, पकनी, मकवानपुर**

### प्रधानमन्त्री कप क्रिकेट प्रतियोगिता

# बागमती प्रदेशस्तरीय छनोट सोमबारदेखि

समाज संवाददाता

हेटौंडा : पुरुष एक दिवसीय प्रधानमन्त्री कप क्रिकेट प्रतियोगिता–२०८२ का लागि बागमती प्रदेशस्तरीय छनोट प्रतियोगिता सोमबारदेखि हुने भएको छ। बागमती प्रदेश क्रिकेट संघले शुक्रबार छनोट प्रतियोगिताको खेल तालिका सार्वजनिक गरेको छ।

प्रतियोगितामा नेपाल क्रिकेट संघ (क्यान) बाट आधिकारिकता पाएका बागमती प्रदेशका ६ वटा जिल्लाहरू (मकवानपुर, चितवन, नुवाकोट, ललितपुर, भक्तपुर र काठमाडौं) र एउटा त्रिभुवन विश्वविद्यालयको टिम गरी ७ वटा टिमले प्रतिस्पर्धा गर्नेछ। प्रतियोगिताको उद्घाटन खेलमा सोमबार भक्तपुर र ललितपुरको टोली भिड्ने छ। मकवानपुर जिल्लाको टोलीले प्रतियोगिताको आफ्नो पहिलो खेलमा मंगलबार भक्तपुर जिल्लाको टोलीको सामना गर्नेछ।

यसैगरी मकवानपुरको टोलीले प्रतियोगितामा बुधबार काठमाडौंसँग, बिहिबार नुवाकोटसँग, शुक्रबार त्रिभुवन विश्वविद्यालयको टिमसँग, चैत १ गते चितवनसँग र चैत २ गते ललितपुरसँग प्रतिस्पर्धा गर्नेछ। प्रतियोगिताको प्रत्येक टोलीले ६/६ वटा खेल खेल्नेछन्। समूह चरणको खेल सकिएपछि अंक तालिकाका शीर्ष दुई टोलीबीच फाइनल खेल हुनेछ। फाइनल खेल चैत ३ गते हुनेछ।

प्रतियोगिताको सबै खेल काठमाडौंको तल्लो मुलपानी क्रिकेट रंगशालामा बिहान ९ बजेदेखि सुरु हुनेछ। बागमती प्रदेश क्रिकेट संघका सदस्य संजोग पोखरेलका अनुसार प्रतियोगितामा प्रदर्शनको आधारमा १९ जना खेलाडी छनोट गरी क्याम्प सञ्चालन गरिनेछ। जसमध्ये १५ जना प्रदेश टोलीमा समावेश हुनेछन् भने ४ जना वैकल्पिक खेलाडीका रुपमा रहनेछन्। २०८१ सालको प्रदेशस्तरीय छनोट प्रतियोगितामा मकवानपुर उपविजेता बनेको थियो। फाइनल खेलमा ललितपुरसँग पराजित भए पनि मकवानपुरका ५ जना खेलाडी प्रदेश टोलीमा पर्न सफल भएका थिए।

# छुट्टाछुट्टै घटनामा २ जिल्लामा ३ जनाको मृत्यु

समाज संवाददाता

हेटौंडा : बागमती प्रदेशको २ जिल्लामा छुट्टाछुट्टै घटनामा ३ जनाको मृत्यु भएको छ। प्रदेशको चितवन र धादिङ जिल्लामा शुक्रबार ३ जनाको मृत्यु भएको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ।

धादिङको नेत्रावती डवजोङ गाउँपालिका–५ मा भिरबाट लडेर एक जना पुरुषको मृत्यु भएको छ। ५५ वर्षीय रामचन्द्र अधिकारी भीरबाट लडेर मृत अवस्थामा फेला परेको प्रहरीले जानकारी दिएको छ। बिहीबार उनी मतदान गरी घर फर्किने क्रममा हराएका थिए। उनलाई परिवार तथा स्थानीयले खोजी गर्ने क्रममा शुक्रबार बिहान सोही वडामा रहेको नैनीभीरको गोरेटो बाटोबाट करिब ५ सय मिटर तल अड्किएको अवस्थामा मृत फेला परेको प्रहरीले जनाएको छ। घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।

चितवनको रत्ननगर नगरपालिका–४, सेरीमा लडेर एक जना पुरुषको मृत्यु भएको छ। मृत्यु हुनेका ४२ वर्षीय ओमबहादुर भुजेल रहेको प्रहरीले जनाएको छ। शुक्रबार दिउँसो ३ बजेर ३० मिनेटको समयमा ओमबहादुर आफ्नै घर अगाडिको धारामा जाने क्रममा उनी अचानक लडेका उनको घटनास्थलमा नै मृत्यु भएको थियो। घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।

धादिङको गल्छी गाउँपालिका–६, बैरेनी बजारस्थित पृथ्वी राजमार्गमा दुई मोटरसाइकल एक आपसमा ठोक्किँदा एक जनाको मृत्यु भएको छ। शुक्रबार साँझ ७ बजेर १० मिनेटको समयमा काठमाडौंबाट गजुरीतर्फ आउँदै गरेको बा ८२ प २९६५ नम्बरको मोटरसाइकल र विपरित दिशातर्फ जाँदै गरेको बा प्र ०२–०६४ प ५७८६ नम्बरको मोटरसाइकल एक आपसमा ठोक्किएको प्रहरीले जनाएको छ। दुर्घटनामा ५७८६ नम्बरको मोटरसाइकल चालक गजुरी गाउँपालिका–८ का ३९ वर्षीय होमबहादुर तामाङ गम्भीर घाइते भएका थिए। उनलाई उपचारका लागि वैरेनी अस्पताल लगिएको थियो। उपचारको क्रममा राती ८ बजेको समयमा मृत्यु भएको प्रहरीले जनाएको छ। प्रहरीले बा ८२ प २९६५ नम्बरको मोटरसाइकल चालक २९ वर्षीय राजु ढुङ्गानालाई प्रहरीले नियन्त्रणमा लिएको छ।

### सिंगापुरमा अन्तर्राष्ट्रिय भाषा शिक्षा सम्मेलन

# मकवानपुरका विवश सहभागी हुँदै



त्रिभुवन विमानस्थल हुँदै शनिबार सिंगापुर प्रस्थान गर्नुभएका विवश जंग थापा।

समाज संवाददाता

हेटौंडा : सिंगापुरमा हुने अन्तर्राष्ट्रिय भाषा सम्मेलनमा सहभागी हुन मकवानपुरका विवश जंग थापा शनिबार सिंगापुर प्रस्थान गर्नुभएको छ। यही फागुन २५ गतेदेखि २८ गतेसम्म हुने सम्मेलनमा सहभागी हुन थापा सिंगापुर प्रस्थान गर्नुभएको हो।

हेटौंडा–४ स्थित हेटौंडा क्याम्पसका अंग्रेजी विषयका सहायक–प्राध्यापक थापाले सम्मेलनमा कार्यपत्र प्रस्तुत गर्नुहुनेछ। अमेरिका, युरोप, एसिया, अफ्रिकाका विभिन्न मुलुकबाट सम्मेलनमा सहभागी हुने बताइएको छ। ६०औं अन्तर्राष्ट्रिय भाषा शिक्षा सम्मेलनमा भाषा शिक्षणसम्बन्धी विश्व प्रवृत्ति र भाषा शिक्षणमा भएका नवप्रवर्तनलाई मूल नारा बनाइएको छ। मकवानपुरका थापाले शिक्षण सिकाईमा पावरपोइन्टको प्रयोगले शिक्षक–विद्यार्थीबीच अन्तरक्रियाको अवसरलाई न्यूनीकरण गर्दै गएकोले पावरपोइन्टको प्रयोग जरुरी नहुने सन्दर्भमा कार्यपत्र प्रस्तुत गर्नुहुनेछ।

नेपालबाट मकवानपुरका थापासँगै अंग्रेजी भाषा शिक्षकहरुको संगठन नेल्टाका राष्ट्रिय अध्यक्ष लक्ष्मण ज्ञवाली पनि सिंगापुर जाँदै हुनुहुन्छ। मकवानपुरका थापा यसअघि अमेरिका र बंगलादेश पनि पुग्नुभएको छ। अमेरिकामा भर्चुअल माध्यमबाट दुई भन्दा बढी देशका विद्यार्थीबीच साँस्कृतिक एवम् शैक्षिक सिकाई आदानप्रदान गर्ने सन्दर्भमा सहभागी हुनुभएको थियो भने भाषा सिकाईको प्रभावकारिताका लागि स्काबलको प्रवर्द्धन गर्ने अवधारणाका लागि बंगलादेश पुग्नुभएको थियो। मकवानपुर स्काबल क्लबका संयोजक थापा स्काबल खेलको प्रशिक्षक समेत हुनुहुन्छ।

# काँसघारीमा सुरेन मृत फेला

समाज संवाददाता

हेटौंडा : हेटौंडा–१२, कल्याणटार बलटोलमा एक जना पुरुष मृत फेला परेका छन्। मृत फेला पर्नेमा २३ वर्षीय सुरेन बल रहेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ।

सुरेन बुधबार बिहान घरमा कसैलाई नभनी हिँडेका थिए। उनलाई खोजी गर्दै जाँदा शुक्रबार बिहान ९ बजेको समयमा काँसघारीमा मृत अवस्थामा फेला परेको प्रहरीले जानकारी दिएको छ। अनुसन्धानको क्रममा उनी लामो समयदेखि छारे रोगको बिरामी रहेको प्रहरीले जानकारी दिएको छ।

# बसको ठक्करबाट बर्दियाका रामकृष्ण घाइते

समाज संवाददाता

हेटौंडा : पूर्व–पश्चिम राजमार्गअन्तर्गत हेटौंडा–१९, गुम्बाचोकमा बसले साइकललाई ठक्कर दिँदा साइकलयात्री गम्भीर घाइते भएका छन्। शुक्रबार राती १० बजेर २० मिनेटको समयमा वीरगञ्जबाट पोखरातर्फ जाँदै गरेको ग २ ख २१९९ नम्बरको बसले सोही दिशामा बस्तिपुरबाट नेवारपानीतर्फ जाँदै गरेको साइकलयात्रीलाई ठक्कर दिएको प्रहरीले जानकारी दिएको छ। दुर्घटनामा साइकलयात्री बर्दिया जिल्लाको बाँसगढी नगरपालिका–९ का ४५ वर्षीय रामकृष्ण थारु गम्भीर घाइते भएका छन्। हेटौंडा अस्पतालमा सामान्य उपचारपछि थारुलाई थप उपचारका लागि चितवन रिफर गरिएको छ। बस चालक बारा जिल्लाको जितपुर सिमरा उपमहानगरपालिका–२ का ३६ वर्षीय सन्तोष तामाङलाई प्रहरीले नियन्त्रणमा लिएको छ।

# श्रमिक महिला दिवसमा कविता प्रतियोगिता

समाज संवाददाता

हेटौंडा : अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसको अवसरमा आईतवार मकवानपुरमा कविता प्रतियोगिता हुँदैछ। जिल्ला बचत तथा ऋण सहकारी संघ लिमिटेड मकवानपुरको आयोजनामा प्रतियोगिता हुन लागेको हो।

संघकी अध्यक्ष कल्पना श्रेष्ठका अनुसार प्रतियोगिताका लागि कूल १८ वटा कविता प्राप्त भएका छन्। प्राप्त कविताहरूमध्ये पहिलो चरणको मूल्याङ्कनबाट १० वटा कविताहरू अन्तिम प्रतिस्पर्धाका लागि छनोट गरिएको अध्यक्ष श्रेष्ठले जानकारी दिनुभयो। उत्कृष्ट १० मा छनोट हुनेहरुमा रमिला सापकोटा, डिबी बर्तौला, गीता कुमारी पौडेल, सम्झना पण्डित र समीक्षा तिमल्सिना रहेका छन्। यसैगरी सन्देश परियार, अचला शर्मा, भगवती पुडासैनी, युवराज तिमल्सिना र मेनुका दहाल छनोट भएका छन्। यी १० जना कविहरूले आईतबार आयोजना हुने कार्यक्रममा आ–आफ्ना कविता वाचन गर्नेछन्।

प्रतियोगितामा 'सहयोग, समर्थन, योगदानमार्फत महिलाहरुको अधिकार' विषयमा आधारित भएर १५० शब्द नबढ्ने गरी कविता लेख्न संघले सूचना जारी गरेको थियो। प्रतियोगितामा संघका सदस्य सहकारी संस्थाका कार्यसमिति, पूर्वसमिति तथा कर्मचारीहरु सहभागिता हुन पाउने व्यवस्था छ। प्रतियोगितामा प्रथम हुनेले ७ हजार, द्वितीयले ५ हजार, तृतीयले ३ हजार र सान्त्वना स्थान हासिल गर्ने २ हजार रुपैयाँ नगदसहित प्रमाणपत्र प्राप्त गर्नेछन्। कार्यक्रममा संघले तनाव व्यवस्थापन कार्यशाला पनि आयोजना गर्ने जनाएको छ। तनाव व्यवस्थापन कार्यशालामा मामाघर नेपालका संरक्षक अर्पण पराजुलीले सहजकर्ताको भूमिका निर्वाह गर्नुहुनेछ भने कार्यक्रममा बागमती प्रदेशकी मुख्य न्यायाधीवक्ता अप्सरा बस्नेतको प्रमुख आतिथ्य रहनेछ।

# समानुपातिकको १० लाख मत गणना हुँदा कसको कति ?



काठमाडौं : प्रत्यक्षतर्फ जस्तै समानुपातिकमा पनि राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले अत्याधिक सिट जित्ने देखिएको छ। समानुपातिकको १० लाख २ हजार १८ मत गणना हुँदा रास्वपाले ५ लाख १२ हजार २१५ मत प्राप्त गरेको छ। त्यस्तै, नेपाली कांग्रेसले १ लाख ७२ हजार १७५ मत पाएको छ। नेकपा एमालेको १ लाख ३६ हजार १७६ मत छ। नेपाली कम्युनिष्ट पार्टीको ६९ हजार ७८२, राष्ट्रिय प्रजातन्त्र पार्टीको ३७ हजार २४१ र श्रम संस्कृति पार्टीको १८ हजार ४८७ छ।

राष्ट्रिय परिवर्तन पार्टीले १४ हजार १६६ मत ल्याएको छ। पूर्व मन्त्री कुलमान घिसिङ नेतृत्वको उज्यालो नेपाल पार्टीले समानुपातिक तर्फ राष्ट्रिय परिवर्तन पार्टीको चुनाव चिह्न बाँसुरीमा भोट मागेको थियो। नेपाल कम्युनिष्ट पार्टी (माओवादी)को ४ हजार ४२३, एकल चिह्न जाँतोको ३ हजार ५४२, जनता समाजवादी पार्टी नेपालको ३ हजार ३७२ र नेपाल मजदुर किसान पार्टीको ३ हजार २८२ मत छ।

समानुपातिकबाट निर्वाचित हुन कुनै पनि दलले देशभरीबाट सदर मतको तीन प्रतिशत मत प्राप्त गर्नुपर्दछ। प्रत्यक्ष तर्फ शनिबार राती १० बजेसम्म रास्वपा ७६ स्थानमा विजयी भएको छ भने ४६ स्थानमा अग्रता लिइरहेको छ। कांग्रेसको ११ जित ७ अग्रता, एमालेको ४ जित ८ अग्रता र नेपाली कम्युनिष्ट पार्टीको ३ जित र ५ स्थानमा अग्रता छ। राप्रपाले एक स्थानमा जितेको छ भने स्वतन्त्र उम्मेदवार महावीर पुन म्याग्दीबाट निर्वाचित भएका छन्। श्रम संस्कृति पार्टीले ३ स्थानमा अग्रता लिएको छ।






समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगाना: हेटौंडा–४, अजरअमररोड, ०५७–५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशक: रोजिना श्रेष्ठ, सम्पादक: सुरेश श्रेष्ठ